खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

# .खप्तड छेडेदह गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

खप्तड छेडेदह गाउँपालिका
दर्ता नं. 3
दर्ता मिति 2080।11।16

प्रमाणीकरण मिति : २०७४/१२/१३

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७४/....

पहिलो पटक संसोधन मिति : २०८०।११।

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खप्तड छेडेदह गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम खप्तड छेडेदह गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन खप्तड छेडेदह गाउँपालिकाका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले खप्तड छेडेदह गाउँपालिकाकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले खप्तड छेडेदह गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त खप्तड छेडेदह गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही खप्तड छेडेदह गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।